# बुलिङटार गाउँपालिका

**Bulingtar Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office Of The Rural Municipal Executive**

बुलिङटार, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

Bulingtar, Nawalparasi(East Of Bardaghat Susta)

R5PR+67 बुलिङटार

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal


सूचना, **पत्र संख्या** (Letter No).:-०८०।०८१

**चलानी नं** (Ref No).:- 26

मिति:२०८०/११/०२

सूचना ! सूचना !! सूचना !!!

विषय :- बेरोजगार ब्यक्ति सुचिकृत हुने सम्वन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (२०७५ दोस्रो संसोधन २०७८) बमोजिम नियमित कार्यक्रम अनुसार आगामी आ.व. २०८१/०८२ का लागि न्युनतम रोजगारीमा आवद्ध हुन ईच्छुक १८ देखि ५९ वर्ष उमेर समुहका वेरोजगार व्यक्तिले आफु बसोवास गर्ने वडा कार्यालयमा पूर्ण रुपमा फारम भरी फाल्गुन मसान्त भित्र आवश्यक कागजात संलग्न गरि आवेदन दिनु हुन यो सूचना प्रकाशित गरीएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सामाजिक र आर्थिक अवसरबाट वन्चित महिला, आदिवासी, जनजाति, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम न्युनतम रोजगारीका लागि देहायका कागजातहरु संलग्न गरि आवेदन पेश गर्नुहुन जानकारीको लागि अनुरोध छ ।

आवश्यक कागजातहरु:

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलीपी,
- हालसाल खिचेको पासपोर्ट साईजको फोटो,
- निवेदक सहित निजका परिवारको सम्पुर्ण परिवार सदस्यहरुको नागरिकता नं (नाबालकको हकमा जन्म दर्ता),
- शैक्षिक योग्यता, सिपको विवरणहरु ।
- बैक खाताको चेकको प्रतिलीपी,

**पुनश्चः वेरोजगार आवेदन फारम हरेक वडा कार्यालय तथा रोजगार सेवा केन्द्र, गाउँपालिकामा उपलब्ध हुनेछ ।**

११/०२

रामचन्द्र भुषाल

प्रमुख प्रशासकिय अधिकृत

रामचन्द्र भुषाल
प्रमुख प्रशासकीय अधिकृत

**"बस्न योग्य, हेर्न लायक समृद्ध बुलिङटार"**


9857070107 www.bulingtarmun.gov.np info@bulingtarmun.gov.np